स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



फिल्म 'ऊनको स्वीटर' प्रदर्शनको तेस्रो सातामा प्रवेश गर्न सफल भएको छ। देशव्यापी रूपमा १२० भन्दा बढी शो सहित फिल्म तेस्रो सातामा प्रवेश गरेको निर्माता संस्था आर्टमाण्डू नेपाल प्रालिले जानकारी दियो। आर्टमाण्डूका अनुसार फिल्मले दुई हप्ताको अवधिमा घरेलु बक्स अफिसबाट ८ करोड १० लाख रुपैयाँ ग्रस कलेक्सन गर्न सफल भएको छ। फिल्मले ओभरसिज कलेक्सन पनि राम्रो गरेको दाबी निर्माण युनिटको छ। तर कति सार्वजनिक गरिएका छैन।

**आजको विचार...**



रमा दुलाल

महालेखाको.... (दुई पेजमा)



कलाकार दीपकराज गिरीले करिब ८ वर्षपछि फिल्म 'नरसिंहा : अवतार' मार्फत अभिनयमा कमब्याक गरेका अभिनेता राजेश हमाललाई सफलताको शुभकामना दिएका छन्। उनले सामाजिक सञ्जालमा एक लामो स्ट्याटस पोस्ट गर्दै फिल्मको सफलताका लागि शुभकामना दिएका हुन् । आफ्नो मनग्य सम्मान भएको र यो फिल्मले त्यो सम्मान झन् बढोस् भन्ने कामना पनि गरेका हुन्। 'चलचित्रहरूलाई धेरै शुभ कामना दिइयो। तर आजको शुभकामना केही फरक छ।

❒ वर्ष ३० ❒ अंक २९९ ❒ २०८२ जेठ ११ गते आइतबार 25 May 2025, Sunday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

**संक्षिप्त समाचार**

## विमान दुर्घटना हुदाँ ६ को मृत्यु

**(रासस/एएफपी)**

सान डिएगो, जेठ १०/अमेरिकाको क्यालिफोर्निया राज्यको सान डिएगो नगरमा बिहान बाक्लो कुहिरोबीच एक सानो निजी विमान आवासीय क्षेत्रमा खस्दा पाइलटसहित विमानमा सवार सबै ६ जनाको मृत्यु भएको छ । अमेरिकी राष्ट्रिय यातायात सुरक्षा निकायका अनुसार 'सेसना ५५० सिटेसन' नामक सो विमान बिहीबार बिहान ३:४७ बजे विद्युतको तारमा ठोक्किएर सिधै आवासीय क्षेत्रमा खसेको थियो । विमानमा आगो लागेपछि आसपासका थुप्रै घरहरूमा क्षति पुगेको बताइएको छ । उक्त विमान चर्चित सङ्गीत व्यवसायी डेभ शापिरोको स्वामित्वमा रहेको थियो । दुर्घटनामा उनिसहित अन्य पाँच जनाको पनि ज्यान गएको छ । सान डिएगोको मर्फी क्यान्यन क्षेत्रका कम्तीमा १० घरमा विमानका भागहरू खस्दा सामान्य क्षति पुगेको जनाइएको छ । तर, जमिनमा रहेका मानिसहरूमा गम्भीर चोटपटक नपरेको जानकारी प्राप्त भएको छ । सङ्गीत संस्था साउन्ड ट्यालेन्ट समूहले एक वक्तव्य जारी गर्दै भन्यो,'हामी हाम्रो सहसंस्थापक, प्रिय सहकर्मी र साथीहरूको असामयिक निधनबाट अत्यन्त मर्माहत भएका छौँ । यो कठिन घडीमा शोकसन्तप्त परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दछौँ ।' दुर्घटनाको कारण अहिलेसम्म खुल्न नसकेको एनटीएसबीले जनाएको छ ।

# काफल बेचेर पढाइ खर्चसँगै अन्नको जोहो

**रामचन्द्र रायमाझी/रासस——**
**तानसेन (पाल्पा),** जेठ १०/यहाँको माथागढी गाउँपालिकाको रत्न माध्यमिक विद्यालय कक्षा १० मा अध्ययनरत सविता नेपालीले काफल बिक्रीबाट प्राप्त रकमले किताब, कापी र पोसाक किन्ने गरेकी छन् । गरिबीका कारण पढाइ खर्च जुटाउन र अन्नको जोहो गर्न काफल बिक्री गर्दै आएको उनी बताउन्छिन् ।

"स्कूलबाट घर पुग्दा आमा बुवाले काफल टिपेर राखिदिनुहुन्छ, अर्को दिन त्यही काफल बोकेर बिक्री गर्न नजिकैको पसलमा लैजान्छु, कहिले सडकमा गएर बस्छु, गाडीका यात्रुले किनेर लैजानुहुन्छ," उनले भनिन् । चैतको पहिलो हप्तादेखि वैशाख अन्तिमसम्म बिहान बेलुका काफल टिपेर बेच्दै आएको उनले बताइन् । दैनिक चार सयसम्मको काफल बेच्ने गरेको उनको भनाइ छ । अर्का छात्र मनिष सारुले पनि घरको आर्थिक अवस्था कमजोर भएकाले पढाइ खर्च जुटाउन काफल बेच्दै आएका छन् । "सँगैका साथीहरू काफल बेच्न हिँडेका छन्, राम्रै पैसा घर लान्छन्", उनले भने, "सिजनको फल भएकाले सबैको आम्दानीको स्रोत बनेको छ काफल ।" उनीहरु जस्ता धेरै बालबालिकाको पढाइ काफलसँग




तस्विर सौजन्य : प्रकाश नेपाल

जोडिएको छ । सिजनको समयमा बिहान-बेलुका धेरै बालबालिका देवगिर, दकमडा, तानसेनका सडकहरुमा काफल बेच्दै गरेका भेटिन्छन् । जिल्लाको माथागढी, रिब्दीकोट र रैनादेवी छहरा गाउँपालिकाका ६० बढी बालबालिका काफल बेच्ने गर्छन् । कालिका मावि मुझुङमा पढ्ने सुदिप सोमरे र प्रदीप कनौजेले काफल बेचेरै कापी कलम जोहो गर्छन् । बुटवल, भैरहवा र काठमाडौँ जाने यात्रुले मौसमी फलका रूपमा काफल किन्छन् । बालबालिकाहरुले मात्रै होइन अभिभावकले समेत काफल बिक्री गरेर अन्नको जोहो गर्छन् । माथागढी गाउँपालिकाको शिकारकोटकी ६५ वर्षीया वसन्ती दर्लामीले यस पटक एक महिनामा काफल बिक्री गरेर वर्ष दिनलाई पुग्ने अन्न जोहो गरिन् । "यो सिजनमा बिक्री गरेको काफलबाट आएको पैसाले एक वर्षलाई पुग्ने नुन, तेल, चिनी र दाल किनिसकेकी छु", दर्लामीले भनिन् । गाउँ बस्तीलाई सडक सञ्जालले जोडेपछि शिकारकोटको मात्र नभई देवगिरका एक सय बढी परिवारका लागि आम्दानीको स्रोत बनेको छ, काफल । चैतको पहिलो सातादेखि वैशाखको तेस्रो सातासम्म यहाँका अधिकांश सर्वसाधारण काफल टिप्न व्यस्त हुन्छन् । स्थानीयले व्यापारीलाई प्रति माना ८० का दरले बिक्री गर्छन् । माथिल्लो शिकारकोटका २० भन्दा बढी घर परिवारले पहिलो दिन काफल टिपी भोलि बिहानै मिर्मिरेमा डोकोमा बोकी हुलै भएर खहरे, सराइ, दमकडा बजारका बस्ती-बस्तीमा पुगी मौसमअनुसार एक सयदेखि दुई सयसम्ममा प्रति माना बिक्री गर्ने गरेको स्थानीय बुधमाया घर्ती बताउन्छिन्। "पहिला-पहिला काफल बेच्न अहिले जस्तो सजिलो थिएन ।

*-बाँकी अन्तिम पेजमा...*

## बेपत्ता भारतीय नागरिक मृत भेटिए



**पाल्पा,** जेठ १०/जिल्लाको तिनाउ खोलामा डुबेर बेपत्ता भएका भारतीय नागरिक मृत फेला परेका छन् । विहीबार दिउँसो जिल्लाको तिनाउ गाउँपालिका-३ तिनाउखोला ड्यामसाईडमा पौडी खेल्ने क्रममा डुबेर बेपत्ता भएका भारतको महाराजगञ्ज नौतनहवाका १८ वर्षीय सोयव अन्सारी शुक्रबार मृत अवस्थामा फेला परेका हुन् ।

नेपाल प्रहरी, नेपाली सेनाको तालिम प्राप्त टोलीले ड्याम साईडबाट शव निकाल्न सफल भएको जिल्ला प्रहरी कार्यालय पाल्पाका कार्यालय प्रमुख प्रहरी उपरीक्षक पवन कुमार भट्टराई बताए । अन्सरी ४ जना साथीहरुसँग घुम्न आएका थिए । साथीहरु भने सकुशल रहेका छन् । पौडी खेल्ने क्रममा तिनाउ खोलामा डुवेर मात्र वैशाख र जेठ महिनामा ३ जनाको मृत्यु भएको छ ।

## लुम्बिनीमा बजेटबारे सरोकारवालासँग छलफल

**दाङ,** जेठ १०/लुम्बिनी प्रदेश सरकारले सरोकारवालासँग बजेटबारे छलफल गरिरहेको छ । प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८२/०८३ को वार्षिक बजेट तर्जुमा बारे सरकारमा सहभागी राजनीतिक दल, प्रदेशसभा सदस्यहरूसँग छलफल तथा अन्तरक्रिया कार्यक्रम गरिरहेको छ । केही दिन अघि सरकारमा सहभागी दलका प्रमुखहरूसँग छलफल गरेको उसले शनिबार प्रदेशसभा सदस्यहरूसँग पनि छलफल गरेको छ । आर्थिक मामिला तथा योजना मन्त्रालयको आयोजनामा छलफल गरिएको हो ।

आर्थिक मामिला तथा योजनामन्त्री धनेन्द्र कार्कीको अध्यक्षतामा भएको कार्यक्रममा सहभागी प्रदेशसभा सदस्यहरूले नीति तथा कार्यक्रम र बजेटबीच तालमेल हुनुपर्ने, प्राथमिकताका आधारमा बजेट निर्माण




हुनुपर्ने, प्रदेशको वास्तविक अवस्था र सूचकहरूका आधारमा बजेट तयार हुनुपर्ने लगायतका सुझावहरू दिएका छन । यस्तै सरकारमा सहभागी राजनीतिक दलका प्रमुखहरूले प्रदेशको वास्तविक अवस्था अनुसार बजेट ल्याउन सुझाव दिए । कार्यक्रममा कांग्रेस लुम्बिनी प्रदेशका सभापति अमरसिंह पुनले प्रदेशप्रति आकर्षण बढाउनेगरी नीति तथा कार्यक्रम ल्याउन सुझाव दिए ।

*-बाँकी अन्तिम पेजमा...*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना

## सम्पादकीय

# डेंगुबाट बच्न उच्च सतर्कता जरुरी

यसपटक सरदरभन्दा बढी बर्खा हुने भएपछि डेंगी संक्रमण बढ्ने प्रक्षेपण गरिएको छ । अबको केही समय डेंगी संक्रमणको जोखिमको समय हो । यसबाट बच्च र बचाउन सतर्कता अपनाउन आवश्यक छ । एडिज एजिप्टाई तथा एडिज अल्बो पिक्टस नामको पोथी लामखुट्टेको टोकाइबाट मानिसमा सर्ने भाइरल रोग हो डेंगु । डेंगु रोग लाग्न नदिन सरसफाइमा विशेष ध्यान दिनु पर्छ । लामखुट्टे सफा तथा स्थिर पानीमा मात्र हुर्कन्छ । घर वरपरका खाल्डाखुल्डी तथा खुला भाँडाकुँडामा पानी जम्न दिनु हुँदैन । यदि, घरमा खुला रूपमा पानी जम्मा भए लामखुट्टेले पानीमै अन्डा पार्ने र लार्भा हुर्काउने गर्छ । लामखुट्टको संख्या वृद्धि भई डेंगु रोग फैलन सक्छ । लामखुट्टेको अण्डामा समेत डेंगु भाइरस हुन्छ । एउटा लामखुट्टेले आठ सयदेखि हजार वटासम्म अण्डा पार्छ । त्यस्ता लामखुट्टेलाई मारेर डेंगु नियन्त्रण गर्न सक्नु पर्छ । घरआँगन सफा राखे डेंगुले सताउँदैन ।

डेंगु भाइरसबाट हुने भएकाले यसको खास उपचार छैन । उच्च ज्वरो आएमा कम गर्न पारासिटामोल खाने, पानी तथा झोलिलो तथा पोषिलो खानेकुरा प्रशस्त मात्रामा खाने, र आराम गर्ने डेंगुको उपचार हो । डेंगुका जटिल लक्षणहरु देखिएमा तत्काल नजिकैको स्वास्थ्य संस्थामा लैजान चिकित्सकको सुझाव छ । डेंगु भाइरस भएका बालबालिका, वृद्धवृद्धा, दीर्घरोगी र गर्भवती तथा रोगप्रतिरोधात्मक क्षमता कम भएकालाई गम्भीर असर पर्ने हुँदा विशेष ध्यान दिनुपर्छ । डेंगुबाट बच्न लामखुट्टेको टोकाइबाट बच्नुपर्छ । लामखुट्टेबाट बच्न पूरा शरीर ढाकिने गरी कपडा लगाउने, खाली ठाउँमा मल्हम लगाउने, सधैँ सुत्दा झुलभित्र सुत्ने, घर वरपर वा खेतीबारीमा काम गर्न जाँदा लामखुट्टेको टोकाइबाट बच्न ध्यान पुऱ्याउने, झ्याल ढोकामा जाली लगाई बन्द गर्नुपर्छ । लामखुट्टेको बच्चा पार्न रोक्न लामखुट्टे उत्पन्न हुन नदिन लामखुट्टेले फुल पार्ने ठाउँहरुमा फुल पार्न नदिनु नै उपयुक्त उपाय हो । कुलरमा रहेको पानी हप्तामा दुई पटक सफा गर्ने, गमला वा गमला राखेको प्लेटमा जमेको पानी हप्तामा दुई पटक फालेर सफा गर्ने, त्यस्तै, भाँडाकुँडामा पानी जम्न नदिन घोप्ट्याएर राख्ने, घर वरपर रहेका पानी जम्ने खाल्डाखुल्डीलाई पुरिदिने, काम नलाग्ने भाँडाकुडा, सिसी र प्लाष्टिकका सामग्री, टायर आदिमा पानी जम्न नमिल्ने गरी विसर्जन गर्दा लामखुट्टे लाग्नबाट बच्न सकिन्छ । यसर्थ डेंगुको जोखिम बढेकाले त्यसबाट बच्न बेलैमा उच्च सतर्कता अपनाउन जरुरी छ ।

## Opinion @ Social Network

पर्दा आउँदैनन् मर्दा आउँछन ,हुदा कदर गर्दैनन नहुँदा आँसु बगाउँछन् चाहदा खोज्छन नचाहँदा हराउँछन यस्तै रहेछ यो स्वार्थी संसार ।
*(पुष्पा रासकोटीको फेसबुक स्टाटसबाट www.facebook.com//Pushpa.Raskoti)*

**यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।**

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# असमानता



**डा. तुलसी उप्रेती**

*रोजगारी खोज्न स्वदेशमा होइन बिदेशमा जाऊ रे । अनि गए पछि फर्केर आऊ नआऊ तर पैसा भने सधैं पठाऊ रे । यहाँ बसेर त केवल भ्रष्ट मात्रै बन अनि गरिब माथि छलकपटको जाल हानेर सक्दो लुट अनि धनि र गरिब बीचको खाडल अझै ठूलो बनाउ रे । त्यसैलेत नेता, कर्मचारी ब्यपारी पार्टीका झोले र बिचौलिया बाहेक आरुको बाँच्ने अधिकार छैन रे । सक्छौ भने भ्रष्टाचारीहरु बाटोमा होइन महलहरुमा खोज । इमान्दारीहरु महलमा होइन, झुपडी, गल्ली र बाटोमा खोज । थोपा थोपा जस्तै एक एक रुपैयाँ गरेर खाइ नखाइ जम्मा गरेको सानो रकम भएपनि केही न केही ब्याज पाएर यसो बढ्ला कि भन्ने आशले सहकारी सुरक्षित ठाउँ भनेर त्यहीँ नै जम्मा गरे । तर यो आमाको पसिना र रगतको कमाई दुष्ट ठग कर्मचारी भनाउँदा र नेताहरुले चोरी खाए । यसको पीडा कस्ले बुझ्छ र ? अहिले जसले मेरो पैसा खायो तिनीहरुको पनि जसरी मेरी एउटी छोरी जसलाई स्कूल पनि पठाउन सक्दिन र उसको र मेरो पीडा जस्तै ठग र चोरहरुका सन्तानले पनि सात पुस्ता सम्म पीडा र कष्ट भोगी रहनु परोस् । ढिलो चाडो भए पनि यो आमाको श्राप अवश्य लाग्छ । नत्र भने के म पनि झुण्डिएर मरौं ? कि आफैंलाई पेट्रोल खन्याएर जलौं? कि मुसा मर्ने औषधि खाएर आफ्नो ज्यान लिउँ ? तर के गर्ने आमा भएर छोरीको माया लाग्छ र उसैले गर्दा मात्र घस्रिरहन्छु-यो आश र शाश तानिरहनछु । धनी र शक्तिशालीहरुलेनै गरिब जनतालाई अझ गरिब बनाएर चुसी रहन्छन् । फलस्वरूप मानवता र क्रुरता बीचको असमानता नेता, कर्मचारी, ब्यापारी र बिचौलियाको आचरण, नीति र क्रियाकालबको दुष्परिणाम आइनै रहन्छ । दानवले अत्याचार गरेको देशमा हामी मानवताको खोजीमा तड्पी रहेका छौं । देश र जनताको दयनीय परिस्थिति देख्दा देख्दै पनि जनता भने सँधैभरि भ्रष्ट शासककै डम्फुमा नाचेर आफैंलाई बर्बाद पारिरहेका छन् । आफन्तहरुलाई बाहेक अरु सबैलाई निषेध गरेर जाने निषेधबादको नीति पो रहेछ ।*

किन यति ठूलो असमानता, किन यति ठूलो खाडल, किन यति ठूलो दूरी हुने र नहुने बीचको । आशा र निराशा बीचको । चाहना र परिपूर्ति बीचको । शुरु र अन्तिम बिन्दु बीचको। आकाश र जमिन बीचको। संघर्ष र परिणाम बीचको । शान्ति र क्रान्ति बीचको । खाने र नखाने बीचको । प्रेम र घृणा बीचको । मान्छे र मान्छे बीचको। मन र मन बीचका । धनी र गरिब बीचको। न्याय र अन्याय बीचको। अग्रगामी र प्रतिगामी बीचको । अँध्यारो र उज्यालो बीचको । समानता- न्यूरोड र दूर दराजको सिमखर्क गाँउ बीचको । एकातिर रितिएको गाँउ, बाँजो खेत र बिरक्त लाग्दो गरिबै गरिबले भरिएको वास्तविकताले दिएको पीडाले मडारिँदै दु:खका आँशु झारिरहेको गाँउ अर्को तिर भरिभराउ-ठेलमठेल भएको काठमाडौं शहर । यो शहरको न्यूरोड र ईन्द्रचोक क्षेत्र जहाँ सुनै सुनले सजिएका पसलहरुले देखाएको सम्पन्नता भएपनि सिमखर्क जस्ता गाउँमा बस्नै पर्ने बाध्यता भएकी सात ठाउँमा फाटेको चोलो लाएर सिकुवाको डिलमा बसेर आज ढिडो खान पाइन्छ कि पाइँदैन भनेर पर्खेकी सिम्खार्किनी आमा बीचको यो असमानता यो दूरी यो खाडल कसरी मेटाउने र कसले मेटाउने? कि यो असमानता अझै बढाउँदै लाने कि घटाउने ?

**ढिलाई हुनु भन्दा पहिला अब तिमी आफैलाई सोध :** अब फूल कहाँ रोपौं करेसा बारिनै किर्तेको हातमा गई सकेछ । फूल पनि किन चाहियो जब कि माला लाउने दिदी बहिनी र दाजु भाइनै घरमा छैनन् भने । धानको बिउ पनि किन राखौं भएको खेत नै गुमी सकेछ भने । कोर्ने काइयोको के आवश्यकता चिण्डो टाउकोलाई । चुल्हामा आगो बाल्नुको के अर्थ यदि भाँडामा हाल्ने चामलनै छैन भने । स्वाभिमान बन्न पो किन खोजौं यो अभिमानीहरुको राज्यमा बसेर। शायद त्येसैले होला विदेशको बाटो पैल्याउँछौं । न्यायको आश किन गरौं जहाँ न्यायालयको घाँटीनै अठ्याएर रखिएको छ भने । कहाँ गएर पढौं जव बिद्यालय खोज्दा पार्टीको भर्ती केन्द्रमा पुगिन्छ। त्यसैले पढ्न विदेश जाउ रे । बिरामी परे उपचार गर्न स्वदेशमा होइन बिदेशमा जाऊ रे । रोजगारी खोज्न स्वदेशमा होइन बिदेशमा जाऊ रे । अनि गए पछि फर्केर आऊ नआऊ तर पैसा भने सधैं पठाऊ रे । यहाँ बसेर त केवल भ्रष्ट मात्रै बन अनि गरिब माथि छलकपटको जाल हानेर सक्दो लुट अनि धनि र गरिब बीचको खाडल अझै ठूलो बनाउ रे । त्यसैलेत नेता, कर्मचारी ब्यपारी पार्टीका झोले र बिचौलिया बाहेक आरुको बाँच्ने अधिकार छैन रे । सक्छौ भने भ्रष्टाचारीहरु बाटोमा होइन महलहरुमा खोज । इमान्दारीहरु महलमा होइन, झुपडी, गल्ली र बाटोमा खोज । थोपा थोपा जस्तै एक एक रुपैयाँ गरेर खाइ नखाइ जम्मा गरेको सानो रकम भएपनि केही न केही ब्याज पाएर यसो बढ्ला कि भन्ने आशले सहकारी सुरक्षित ठाउँ भनेर त्यहीँ नै जम्मा गरे । तर यो आमाको पसिना र रगतको कमाई दुष्ट ठग कर्मचारी भनाउँदा र नेताहरुले चोरी खाए । यसको पीडा कस्ले बुझ्छ र? अहिले जसले मेरो पैसा खायो तिनीहरुको पनि जसरी मेरी एउटी छोरी जसलाई स्कूल पनि पठाउन सक्दिन र उसको र मेरो पीडा जस्तै ठग र चोरहरुका सन्तानले पनि सात पुस्ता सम्म पीडा र कष्ट भोगी रहनु परोस् । ढिलो चाडो भए पनि यो आमाको श्राप अवश्य लाग्छ । नत्र भने के म पनि झुण्डिएर मरौं ? कि आफैंलाई पेट्रोल खन्याएर जलौं? कि मुसा मर्ने औषधि खाएर आफ्नो ज्यान लिउँ ? तर के गर्ने आमा भएर छोरीको माया लाग्छ र उसैले गर्दा मात्र घस्रिरहन्छु-यो आश र शाश तानिरहनछु । धनी र शक्तिशालीहरुलेनै गरिब जनतालाई अझ गरिब बनाएर चुसी रहन्छन् । फलस्वरूप मानवता र क्रुरता बीचको असमानता नेता, कर्मचारी, ब्यापारी र बिचौलियाको आचरण, नीति र क्रियाकालबको दुष्परिणाम आइनै रहन्छ । दानवले अत्याचार गरेको देशमा हामी मानवताको खोजीमा तड्पी रहेका छौं । देश र जनताको दयनीय परिस्थिति देख्दा देख्दै पनि जनता भने सँधैभरि भ्रष्ट शासककै डम्फुमा नाचेर आफैंलाई बर्बाद पारिरहेका छन् । यो लोकतन्त्र रे -यो गणतन्त्र रे ! यो त केवल गरि खान नदिने र खान नपाउनेहरुका लागि सम्पूर्ण आर्थिक सम्मृद्धि बाटाहरु बन्ध गरिएको तन्त्र हो । यो त केवल सामाजिक आर्थिक मूल्य मान्यता गुमाएको दरिद्र लुटतन्त्र जहाँ तन्त्रैतन्त्रले गाँजिएको अनियन्त्रित र स्वच्छाचारी शाशकहरुले चलाएको कुलीनतन्त्र हो जहाँ साधारण जनताको अधिकार खोसिन्छ र अनैतिक बिबेकहिन शाशकहरुले मात्र शासन गर्छन् । त्यस्तो राज्यमा नैतिकवान र इमान्दारी पाउन त बारीमा शिला खोजे जस्तो गरी खोज्नु पर्छ । बेथिति तन्त्र भएकाले यसलाई त केवल मनतन्त्र भने हुन्छ जहाँ मनखुशी मनमोजि शासन चलाइन्छ । यस्तो अबस्थामा शासकले मात्र बोल्न पाउँछन् । अरुको मुखमा बुझो लगाइन्छ । तर उनीहरुले सुनेर बस्न पाउँछन् तर बुजेर पनि बुचपचाउनु पर्छ । एस्तो पनि लोकतन्त्र-गणतन्त्र ! यहाँ त खाएर पनि नखाएको र खान नपाएर पनि खाएको बाहाना गर्नु पर्छ । के यो मार्क्सबाद हो ? मार्क्सबादको सिद्धान्तमा त न एस्तो देखियो न लेलिनवादमा या बि. पी. बादमै । यहाँ त आफू र आफन्तहरुलाई बाहेक अरु सबैलाई निषेध गरेर जाने निषेधबादको नीति पो रहेछ । हुन पनि के र अरुको बिचारलाई नमारी आफ्नो बिचार कसरी राम्रो देखाउन सकिन्छ र। सुँगालाई पिँजडामा बन्द गरे जस्तै अरुलाई जबर्जस्ती बन्द नगरी आफू कसरी स्वतन्त्र भएर स्वैछाले शासन चलाउन पाइन्छ र । नवछलकपटवाद र झुट्बादको राज्यमा यस्तै अनैतिक अभ्यास बाहेक अरु के भोग्न पाइन्छ र । नवसामन्तबादबाट निर्देशितहरुको राज्यमा भ्रटचार, अत्याचार, निषेधबाद, ब्यक्तिबादनै शासकहरुको निर्देशित सिद्धान्त हुनेरहेछ। निरद्रुश शासनमा जनताहरु भने नेता र शासकहरुको निरदश, तानाशाही, अभिमानी र अत्याचारी क्रियाकलाप, नीति र ब्यबहारको शिकार बनिरहन्छ । अब यो दूरी- हुने र नहुने बीचको असमानता, इमान्दारी र भ्रष्ट बिचको भिन्नता, मानवता र क्रुरता बीचको दूरी, सामन्ती र बिपन्न बिचको खाडल, प्राकृतिक र अप्राकृतिक देखावटी ढर्रा बिचको भिन्नता, सन्तुष्टि र असन्तुष्टि बीचको खाडल र शासक र जनता बीचको दुरी कसरी मेटाउने कसरी पुर्ने ? जब सम्म शासकहरुको जकडिएको दरिद्री सोच, बिचार, नियत, आचरण र ब्यबहार सुदैन र जनताहरु यथास्थितिलाई स्वीकार गरिरहन्छन तब सम्म देखिएको असमानता मेटिँदैन । जनताहरुनै देशको आर्थिक, सामाजिक तथा नैतिक दावित्यको जिम्मेबार हुनुपर्छ । जब सम्म जनताले उनीहरुको जिम्मेबारी बोध गर्दैनन् तब सम्म उनीहरु निरंकुस नेता, शासक, ब्यापारी र बिचौलियाको सहज सिकार बनिरहनछन् र असमानता असमानतानै रहिरहन्छ । सुखी र सुखका शास फेर्नेहरु फेरि रहन्छन् गरिब दुखीहरु भने सधै जकडिएर निशासी रहन्छन् ।

***-सेतोपाटी डटकम***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.ब्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : धेरै कुरामा सफलता प्राप्त हुनेछ । नयाँ विचारहरूको सृजना हुनेछ। | **तुला** : भावनलाई व्यक्त गर्ने समय रहेको छ। योजना बनाएर कार्य गर्नुहोस् सफलता मिल्नेछ। |
| **वृष** : आर्थिक पक्ष सबल रहनेछ। नयाँ व्यापारमा लगानी लगाउन सक्नुहुनेछ। | **बृश्चिक** : प्रतिस्पर्धामा सफलता पाइनेछ। स्वास्थ्यलाई लिएर चिन्ता रहनेछ। |
| **मिथुन** : पढाइमा बाधा आउनेछ। वित्तीय व सहकारी क्षेत्रमा सफलता मिल्नेछ। | **धनु** : कार्य प्रणालीमा सुधार गर्ने समय र हेको छ। स्वास्थ्यलाई लिएर चिन्ता रहनेछ। |
| **कर्कट** : मातापिताको साथमा वैचारिक योग छन्। प्रेम सम्बन्ध अगाडि बढ्नेछ। | **मकर** : अधिकारका लागि संघर्ष गर्नु पर्ला, तर प्रेम सम्बन्धमा मधुरता छाउनेछ । |
| **सिंह** : कृषिबाट प्रशस्त लाभ मिल्नेछ। कामको थोरै समयमा प्रतिफल प्राप्त हुनेछ। | **कुम्भ** : साहित्य वा कलाक्षेत्रमा सफलता मिल्नेछ। आध्यात्मिक ज्ञानमा वृद्धि हुनेछ। |
| **कन्या** : सामाजिक क्षेत्रमा प्रभाव बढ्नेछ। काम दोहोराएर गर्दा सफलता हात लाग्नेछ। | **मिन** : नयाँ कार्यको प्रस्ताव आउनेछ। विशेष कामको जग बसाउने अवसर रहेको छ। |

# कृषि

## हुरीले अकबरे खुर्सानीमा क्षति पुऱ्याएपछि किसान चिन्तित

वर्षासँगै आएको हुरीले खुर्सानी खेतीमा क्षति पुऱ्यापछि भोजपुरका बोखिमका किसान चिन्तित भएका छन् । हुरीका कारण फुल्दै गरेको अकबरे खुर्सानी लडाइदिएपछि किसान चिन्तामा परेका हुन् । निरन्तरको वर्षाले फल्ने बेला भएका खुर्सानीमा क्षति पुऱ्याएका स्थानीय कृषक कुमार विष्टले बताए । किसानको राम्रो नगदेबालीका रुपमा रहेको खुर्सानी फल्ने बेलामा हावाले क्षति गरेपछि समस्या भएको उनको भनाइ छ । बोखिमका अधिकांश



किसानले अबकरे खुर्सानीको व्यावसायिक खेती गर्दै आएका छन् । मल्चिङ प्रविधिबाट यहाँका किसानले खर्सानीको खेती गरिरहेका छन् । पछिल्लो समय दैविक प्रकोपको अलवा, खुर्सानीको जरा कुहिने, पात पहेँलो हुने, फलमा किरा लाग्ने समस्या बढी मात्रामा देखिन थालेको किसानको भनाइ छ । भोजपर नगरपालिकाको बोखिम, पोखरे, भैँसीपङ्गालगायत क्षेत्रमा खुर्सानीको व्यावसायिक खेती हुने गरेको छ । *-रासस*

## गाउँ र सहर जोड्न 'गाउँ पर्यटन मार्ट'

नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेश कार्यालयको आयोजना एवं गाउँ पर्यटन प्रवर्द्धन मञ्च (भिटोफ) गण्डकी प्रदेशको सहआयोजनामा शुक्रबारदेखि पोखरामा गाउँ पर्यटन मार्ट सुरु भएको छ । गण्डकी प्रदेशभित्र होमस्टे सञ्चालन गरिरहेका २७ होमस्टेसँगै कोशी प्रदेश र बन्दीपुरबाट पर्यटन सम्बद्ध प्रतिनिधि मार्टमा सहभागी छन् । मार्टमा सहभागी होमस्टेका तर्फबाट आआफ्ना होमस्टेमा दिइने सेवा, प्याकेज तथा आकर्षणबारे जानकारी गराइएको छभने गाउँ पर्यटन सम्बद्ध विभिन्न विषयमा छलफल सत्रहरू सञ्चालन भएका छन् । होमस्टे मार्टको उद्घाटन गर्दै गण्डकी प्रदेशका उद्योग तथा पर्यटनमन्त्री मित्रलाल बस्यालले गाउँ पर्यटनको विकास सरकारको प्राथमिकतामा रहेको बताए । त्यसका लागि आवश्यक बजेट विनियोजन गर्ने उनले प्रतिबद्धता जनाए । नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेश प्रमुख मणिराज लामिछानेले होमस्टे केवल गाउँमै सीमित भएर चल्न नसक्ने बताउँदै सहरका मानिस गाउँ पुग्नैपर्नेमा जोड दिए । गाउँ र सहरलाई पर्यटकीय रुपमा जोड्न मार्ट सञ्चालन गरिएको उनको भनाइ छ । मार्टका क्रममा सञ्चार, उद्योग व्यवसाय र पर्यटनसँग सम्बन्धित व्यक्तित्वहरूबाट छुट्टाछुट्टै छलफल तथा विचार विमर्श गरिने जनाइएको छ । भिटोफ गण्डकीका अध्यक्ष शोभा सापकोटाले गाउँ पर्यटनको विकाससँगै होमस्टे व्यवसायलाई प्रभावकारी बनाउन मार्ट उपयोगी बन्ने विश्वास व्यक्त गरे । पोखरा पर्यटन परिषद्का अध्यक्ष तारानाथ पहारीले हरेक गाउँहरू पर्यटकीय सम्भावनायुक्त हुने बताउँदै गाउँ पर्यटनको विकासका माध्यमबाट तिनीहरूको पर्यटकीय सम्भावना उजागर गर्न सकिने बचाए । मार्ट भोलिसम्म सञ्चालन हुने आयोजकले जनाएको छ । *-रासस*


## रामपुर नगरपालिकाको अनुरोध

- स्थानीय उत्पादनलाई प्रोत्साहन गर्न त्यस्ता उत्पादित वस्तुहरुको प्रयोग गरौं ।
- अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, असाहाय तथा बालबालिकाहरुलाई सक्दो सहयोग गरौं ।
- आफ्नो घर-आँगन वरपर सधै सफा र स्वच्छ राखौं ।
- आफ्नो वरपर सञ्चालनमा रहेको विकास निर्माण कार्यहरुको नियमित अनुगमन गरौं ।
- व्यापार, व्यवसाय, उद्योग, कलकारखाना सञ्चालन गर्दा सम्बन्धित निकायमा दर्ता गरी इजाजत-पत्र लिएर मात्र सञ्चालन गरौं ।
- आफूले तिर्ने/बुझाउनुपर्ने कर समयमा नै बुझाउने बानी बसालौं ।
- जन्म, मृत्यु, बसाईसराई, विवाह, सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटनाहरुको घटना घटेको ३५ दिन भित्र दर्ता गरौं ।

| सुर्य दर्शन पण्डित | बालकुमारी थापा | रमण बहादुर थापा |
|---|---|---|
| प्रमुख प्रशासकीय अधिकृत | उप-प्रमुख | नगर प्रमुख |

रामपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
रामपुर, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल

## रिब्दीकोट गाउँपालिकाको अनुरोध

- जन्म, मृत्यु, बसाईसराई, विवाह, सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटनाहरुको घटना घटेको ३५ दिन भित्र दर्ता गरौं ।
- व्यापार, व्यवसाय, उद्योग, कलकारखाना सञ्चालन गर्दा सम्बन्धित निकायमा दर्ता गरी इजाजत-पत्र लिएर मात्र सञ्चालन गरौं ।
- आफूले तिर्ने/बुझाउनुपर्ने कर समयमा नै बुझाउने बानी बसालौं ।
- आफ्नो वरपर सञ्चालनमा रहेको विकास निर्माण कार्यहरुको नियमित अनुगमन गरौं ।
- अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, असाहाय तथा बालबालिकाहरुलाई सक्दो सहयोग गरौं ।
- आफ्नो घर-आँगन वरपर सधै सफा र स्वच्छ राखौं ।
- स्थानीय उत्पादनलाई प्रोत्साहन गर्न त्यस्ता उत्पादित वस्तुहरुको प्रयोग गरौं ।

| मणि प्रसाद खनाल | कान्ता अधिकारी | नारायण बहादुर कार्की |
|---|---|---|
| प्रमुख प्रशासकीय अधिकृत | उपाध्यक्ष | अध्यक्ष |

रिब्दीकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रिब्दीकोट, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल

## इस्मा गाउँपालिकाको अनुरोध

- आफ्नो वरपर सञ्चालनमा रहेको विकास निर्माण कार्यहरुको नियमित अनुगमन गरौं ।
- अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, असाहाय तथा बालबालिकाहरुलाई सक्दो सहयोग गरौं ।
- आफूले तिर्ने/बुझाउनुपर्ने कर समयमा नै बुझाउने बानी बसालौं ।
- जन्म, मृत्यु, बसाईसराई, विवाह, सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटनाहरुको घटना घटेको ३५ दिन भित्र दर्ता गरौं ।
- व्यापार, व्यवसाय, उद्योग, कलकारखाना सञ्चालन गर्दा सम्बन्धित निकायमा दर्ता गरी इजाजत-पत्र लिएर मात्र सञ्चालन गरौं ।
- आफ्नो घर-आँगन वरपर सधै सफा र स्वच्छ राखौं ।
- स्थानीय उत्पादनलाई प्रोत्साहन गर्न त्यस्ता उत्पादित वस्तुहरुको प्रयोग गरौं ।

| विबेक रणपाल परियार | पार्वती कुँवर | भगतसिहं खड्का |
|---|---|---|
| प्रमुख प्रशासकीय अधिकृत | उपाध्यक्ष | अध्यक्ष |

इस्मा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
इस्मा रजस्थल, गुल्मी,
लुम्बिनी प्रदेश, नेपाल

## रेसुङ्गा नगरपालिकाको अनुरोध

- स्थानीय उत्पादनलाई प्रोत्साहन गर्न त्यस्ता उत्पादित वस्तुहरुको प्रयोग गरौं ।
- आफ्नो घर-आँगन वरपर सधै सफा र स्वच्छ राखौं ।
- आफूले तिर्ने/बुझाउनुपर्ने कर समयमा नै बुझाउने बानी बसालौं ।
- आफ्नो वरपर सञ्चालनमा रहेको विकास निर्माण कार्यहरुको नियमित अनुगमन गरौं ।
- अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, असाहाय तथा बालबालिकाहरुलाई सक्दो सहयोग गरौं ।
- जन्म, मृत्यु, बसाईसराई, विवाह, सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटनाहरुको घटना घटेको ३५ दिन भित्र दर्ता गरौं ।
- व्यापार, व्यवसाय, उद्योग, कलकारखाना सञ्चालन गर्दा सम्बन्धित निकायमा दर्ता गरी इजाजत-पत्र लिएर मात्र सञ्चालन गरौं ।

| बाबुराम पल्ली | अमृतादेवी कुँवर | खिलध्वज पन्थी |
|---|---|---|
| प्रमुख प्रशासकीय अधिकृत | उप-प्रमुख | नगर प्रमुख |

रेसुङ्गा नगरपालिकाको
नगर कार्यपालिकाको कार्यालय
तम्घास, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

# रेसुङ्गा माविलाई 'आईएसओ' सर्टिफिकेट




**हाम्रा संवाददाता——————**

**गुल्मी,** जेठ १०/ जिल्लाको सदरमुकाम तम्घासमा रहेको रेसङ्गा माध्यमिक विद्यालयलाई 'आईएसओ' सर्टिफिकेट (अन्तर्राष्ट्रिय गुणस्तर चिन्ह) प्रधान गरिएको छ । उत्कृष्ट विद्यालयहरुलाई प्रदान गरिने आइएसओ प्रमाणपत्रको लोगो एक समारोहबीच विद्यालयलाई हस्तान्तरण गरिएको हो ।

यसक्षेत्रको अब्बल विद्यालयका रुपमा स्थापित यस विद्यालयलाई अधिकांश मापदण्ड पूरा गरेसगै लोगो हस्तान्तरण गरिएको छ । ग्लोबल क्वालिटी काउन्सिल नेपालका आइएसओ प्रतिनिधि सूर्य केसीले लोगो हस्तान्तरण गरेका हुन् । लोगो हस्तान्तरण गर्दै उनले गुणस्तरीय शिक्षा प्रदानमा गर्ने दिशामा सक्रिय भएर लाग्न विद्यालयलाई आग्रह गरे । केसीले आईएसओ सटिफाइट हुनका लागि अन्तर्राष्ट्रिय मापदण्डलाई पालना गर्नका लागि ५२ वटा सूचकहरू तयार गरिएको भन्दै ती सबै सूचकहरु पुरा भएपछि आईएसओ सर्टिफाइट विद्यालयका रुपमा घोषित हुने बताए । उनका अनुसार विद्यालयलाई ५० प्रतिशत सूचकहरु पुरा गरेको अवस्थामा अन्तर्राष्ट्रिय गुणस्तर चिन्ह प्रदान गरिन्छ । सोही अनुसार रेसुङ्गा माध्यमिक विद्यालयलाई यो चिन्ह प्रदान गरिएको हो । कार्यक्रममा रेसुङ्गा नगरपालिकाका नगरप्रमुख खिलध्वज पन्थीले नगरभित्रका विद्यालयहरु शैक्षिक गुणस्तरमा अब्बल बन्दै गइरहेको बताए । शैक्षिक गुणस्तरका हिसाबले अहिले अन्तर्राष्ट्रिय गुणस्तर चिन्ह प्राप्त गरेको भन्दै प्रमाणीकरणका लागि बाँकी रहेका सम्पूर्ण सूचकहरु पुरा गर्न सबै लाग्नुपर्नेमा उनले जोड दिए । अहिले सामुदायिक विद्यालयहरुले हासिल गरिरहेको शैक्षिक गुणस्तरको सफलताले अभिभावकहरुको पनि पहिलो रोजाइमा पर्ने गरेको यनको भनाई छ । रेसुङ्गा नगरपालिकाले समृद्धिको पहिलो आधारका रुपमा शिक्षालाई लिएर गुणात्मक रुपमा फड्को मार्ने गरी विद्यालय सुधार, दरबन्दी मिलान, विद्यालय समायोजन लगायतका थुप्रै कार्यहरु अगाडि बढाएको नगर प्रमुख पन्थीको भनाई छ । विद्यालय व्यवस्थापन समितिका अध्यक्ष शेर बहादुर थापाले विद्यालयमा सबैको सहयोग भए मात्र थप परिस्कृत गर्दै लैजान सकिने बताए ।

विद्यालयका प्रधानाध्यापक भागीरथ भण्डारीले विद्यालयलाई अन्तर्राष्ट्रियस्तरको शैक्षिक संस्थाको रुपमा विकास गर्नका लागि ५२ वटा सूचकहरु तोकेकोमा २६ वटा सूचकहरु पुरा गरी आइएसओ लोगो प्राप्त गरेको बताए । ८० प्रतिशत सूचकहरु पुरा गरेको अवस्थामा आइएसओ सटिफिकेट प्राप्त गर्ने बताउँदै बाँकी सूचकहरु पुरा गर्नका लागि सबै पक्षाको सहयोगको आवश्यकता रहने उनले उल्लेख गरे । उनका अनुसार त्यस मापदण्डअनुसार विद्यालयको प्रत्येक फ्लरमा प्राथमिक उपचार बक्स राख्नुपर्ने, आगो निभाउने यन्त्र राख्नुपर्ने, विद्यालयको सरसफाइदेखि भौतिक पक्ष उत्कृष्ट हुनुपर्ने, विद्यालयमा आउने जाने आगन्तुकहरुको अभिलेख राख्नुपर्नेलगायतका पहिलो चरणहरु कार्यहरु पुरा गरेपछि विद्यालयले लोगो प्राप्त गरेको हो ।

## खेलकुद समाचार

### हैदराबादसँग बेङ्गलुरु ४२ रनले पराजित



**काठमाडौं,** जेठ १०/इन्डियन प्रिमियर लिग (आईपीएल) क्रिकेटमा रोयल च्यालेन्जर्स बेङ्गलुरु (आरसीबी) सनराइजर्स हैदराबादसँग पराजित भएको छ । खेलमा हैदराबादले अङ्कतालिकाको दोस्रो स्थानमा रहेको बेङ्गलुरुलाई ४२ रनले हरायो । जीतका लागि हैदराबादले दिएको दुई सय ३२ रन लक्ष्य पछ्याएको बेङ्गलुरु १९ ओभर ५ बलमा एक सय ८९ रनमा अलआउट भयो । उसका फिल साल्टले सर्वाधिक ६२ तथा विराट कोहलीले ४३ रन बनाए । प्याट कमिन्सले तीन विकेट लिए । त्यसअघि लखनउमा टस हारेर पहिला ब्याटिङ गरेको हैदराबादले निर्धारित २० ओभरमा ६ विकेट गुमाउँदै दुई सय ३१ रन बनायो । उसका इशान किशनले अविजित ९४ रन बनाए । बेङ्गलुरुका रोमारियो सेपर्डले दुई विकेट लिए । हैदराबाद यसअघि नै प्लेअफमा पुग्न असफल भएको थियो । हारसँगै बङ्गलुरुको १३ खेलमा १७ अङ्क भएको छ । बेङ्गलुरु तेस्रो स्थानमा झरेको छ । आठौं स्थानमा रहेको हैदराबादको १३ खेलमा ११ अङ्क छ ।

## अर्थ/कर्पोरेट समाचार

### जेठका लागि कुन बैंकले व्यक्तिगत मुद्दतीमा कति दिन्छन् ब्याज ?




**पाल्पा,** जेठ १०/१४ बैंकले व्यक्तिगत मुद्दतीमा दिने अधिकतम ब्याजदर जेठ महिनाका लागि पनि यथावत राखेका छन् । तीन वटा बैंक नेपाल, एभरेस्ट र सानिमाले वैशाखको तुलनामा जेठमा सामान्य बढाएका छन् । तीन वटा बैंक नेपाल इन्भेस्टमेन्ट मेगा, कुमारी र सिद्धार्थले सामान्य घटाएका छन् । समग्रमा व्यक्तिगत मुद्दतीमा दिने औसत ब्याजदर घटेको छ । वैशाख महिनामा व्यक्तिगत मुद्दतीको औसत ब्याजदर ५ दशमलव ९ सय ७९ प्रतिशत रहेकोमा जेठ महिनामा ५ दशमलव ९ सय ५२ प्रतिशतमा झरेको छ ।

राष्ट्र बैंकले व्यक्तिगत मुद्दती निक्षेपमा दिने ब्याजदर र संस्थागत निक्षेपमा दिने ब्याजदरको अन्तर न्यूनतम १ प्रतिशत विन्दु हुनुपर्ने व्यवस्था गरेको छ । जेठमा व्यक्तिगत मुद्दती निक्षेपमा सबैभन्दा न्यून ब्याजदर नेपाल बैंकले ५ दशमलव ४५ प्रतिशत तोकेको छ भने सबैभन्दा धेरै ब्याजदर एभरेस्टले ६ दशमलव ६४ प्रतिशत तोकेको छ । अधिक तरलता भएर राष्ट्र बैंकले खिचिरहेको अवस्थामा केही बैंकहरूले आफ्नो स्थितिअनुसार ब्याजदरमा सामान्य घटबढ गरेका हुन् । केही बैंकलाई पूँजी कोषको दवाव छ भने केहीलाई पर्याप्त रकमका कारण लागत घटाउनुपर्ने दवाव छ । केही बैंकमा कर्जाको माग बढेको छ भने केहीमा माग नै छैन । यिनै विषयलाई मध्यनजर गर्दै बैंकले आृनो रणनीतिअनुसार जेठ महिनाका लागि ब्याजदर तय गरेका हुन् । लामो अवधिको व्यक्तिगत मुद्दती निक्षेपमा केही उच्च ब्याजदर र छोटा अवधिको मुद्दती निक्षेपमा ब्याजदर केही कम गर्ने नीति बैंकहरूको देखिन्छ । व्यक्तिगत मुद्दती निक्षेपको ब्याजदर घट्दा आधार दर घटेर कर्जाको ब्याजदरमा पनि ऋणीलाई राहत हुन्छ । कर्जाको माग न्यून रहनु र पूँजीगत खर्चको 'सिजन' रहेकाले ब्याजदर तत्काल बढिहाल्ने अवस्था रहने देखिदैन ।

## काफल बेचेर...

...काफल र अन्न, गहुँ, मकै, चामलसित बराबरी साट्नका लागि पोखराथोक, चिदीपानी, नायर नमतलेस, मदनपोखरा जस्ता बस्तीमा पुग्नुपर्थ्यो", उनले भनिन्, अहिले आफ्नै टोल, घरबाट गाडीमा बसेर तानसेन-बुटवल जस्ता सहरमा लैजाँदा दैनिक चारदेखि छ हजारसम्म कमाइ हुन्छ ।" देवगिरकी स्थानीय गीता बरालले गत वर्ष काफल बिक्रीबाट ४० हजार कमाइन् । यस वर्ष कम फलेका कारण २०/२२ हजार मात्रै आम्दानी हुने उनको अनुमान छ । यहाँका काफल तानसेन, बुटवलका बजारसम्म बिक्रीका लागि लगिने गरिन्छ । देवगिरका स्थानीय व्यापारी बालकृष्ण न्यौपानेका अनुसार गतवर्ष मात्रै काफल बिक्रीबाटै गाउँमा रु २५ लाख भित्रिएको थियो ।

## लुम्बिनीमा बजेटबारे...

...प्रदेश सरकारले आफ्नो अधिकार प्राप्ति र कार्यान्वयनमा खुट्टा कमाउनु नहुने भन्दै संविधानले दिएका अधिकारहरू कार्यान्वयन गर्नेगरी नीति तथा कार्यक्रम र बजेट ल्याउन उनले जोड दिए । नेकपा एमाले लुम्बिनी प्रदेशका अध्यक्ष राधाकृष्ण कँडेलले नीति तथा कार्यक्रमले आधारभूत क्षेत्रलाई प्राथमिकतामा राख्नुपर्ने बताए। नेपाली कांग्रेस संसदीय दलका नेता तथा पूर्वमुख्यमन्त्री डिल्लीबहादुर चौधरीले अनुसन्धानको आधारमा नीति तथा कार्यक्रम र बजेट बनाउन सुझाव दिए । सरकारमा सहभागी दलहरूको प्रतिबद्धता केलाएर जनतालाई गरिएको वाचा अनुसार नीति तथा कार्यक्रम र बजेट ल्याउन उनले जोड दिए । एमालेका संसदीय दलका उपनेता भोजप्रसाद श्रेष्ठ, प्रमुख सचेतक तुलसी चौधरी, एमाले लुम्बिनी प्रदेशका सचिव लक्ष्मण आचार्य लगायतले सहमति अनुकूल दृष्टिकोण उन्मुख बजेट ल्याउनुपर्ने, प्राप्त स्रोतलाई सही परिचालन गर्नेगरी नीति तथा कार्यक्रम बनाउन सुझाव दिए । मुख्यमन्त्री चेतनारायण आचार्यले सबै सुझावलाई आत्मसाथ गरी आगामी बजेट ल्याइने बताए । सरोकारवाला निकायसँग व्यापक छलफल गरेर मात्र आगामी बजेट ल्याइने उनको भनाइ छ । मुख्यमन्त्री आचार्यले आगामी बजेट कस्तो ल्याउने भन्ने विषयमा छलफल गरिरहेको उल्लेख गरे । मुख्यमन्त्री आचार्यले प्रदेश सरकारको कामलाई लयमा अघि बढाउने गरी वास्तविक धरातलमा आधारित बजेट निर्माण गरिने बताए । "अहिलेकै अवस्थामा बजेट वृद्धि हुने सम्भावना छैन तर हामीले वास्तविक धरातलमा आधारित बजेट ल्याउनेछौं, जसले प्रदेशलाई लयमा अगाडि बढाउनेछ" उनले भने,"विगतका कमजोरीलाई सच्याउँदै सरकार अगाडि बढ्छ । प्रदेशलाई सही दिशामा लैजाने गरी प्रदेश सरकार अघि बढ्ने प्रयासमा छ ।" मुख्यमन्त्री आचार्यले आगामी वर्षको बजेटमा नयाँ योजना भन्दा अधुरा योजनाहरू सम्पन्न गर्ने विषयलाई प्राथमिकतामा राखिने बताए ।

मनको आवाज.............

'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्युनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१९६८, ५२१९६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

वर्गिकृत डिस्प्ले

१ X ५ साइजमा मात्र

वर्गिकृत डस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्कः ०७५-५२०६०१

## स्तन क्यान्सरका लक्षण

- -स्तन वा काखीमुनि नदुख्ने गिर्खा वा गाँठागुठी देखिनु,
- -स्तनको छाला लामो समयसम्म निको नहुने खटिरा आउनु,
- -स्तनको आकारमा परिवर्तन आउनु,
- -स्तनको छाला सुन्तलाको बोक्राजस्तो हुनु,
- -स्तनको मुन्टा भित्रतर्फ जानु,
- -स्तनको मुन्टाबाट रगत वा पीप बग्नु,
- -स्तन दुख्नु वा सुन्निनु आदि ।

यी मध्ये कुनै पनि लक्षण देखिएमा चिकित्सकसँग परामर्श गरौं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादकः रामचन्द्र रायमाझी, प्रधान सम्पादकः जगदीशप्रसाद भट्टराई